शिवालय गाउँपालिका

स्थानीय राजपत्र

खण्डः १०　　संख्याः ५　　२०८३ जेष्ठ २९

भाग-२

शिवालय गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको

सूचना

# शिवालय गाउँपालिकाको विद्यालय बाल संरक्षण मापदण्ड, २०८३

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८३/०२/०५**

**प्रस्तावना:**

नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको तथा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७ ले विद्यालयले बालबालिका विरुद्धको हिंसा तथा बाल यौन दुर्व्यवहारको रोकथाम, बालबालिकाको संरक्षण तथा उजुरीको तत्काल कारबाहीका लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्नुपर्ने व्यवस्था गरेको सन्दर्भमा, विद्यालयलाई बालमैत्री, सुरक्षित, भयरहित, मर्यादित तथा हिंसारहित शैक्षिक वातावरणका रूपमा विकास गर्न वाञ्छनीय भएकोले ,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा शिवालय गाउँपालिकाको शिक्षा सम्बन्धी प्रचलित स्थानीय कानूनको अधीनमा रही शिवालय गाउँपालिकाले यो मापदण्ड जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम **"शिवालय गाउँपालिकाको विद्यालय बाल संरक्षण मापदण्ड, २०८३"** रहेको छ।

(२) यो मापदण्ड शिवालय गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. लागू हुने क्षेत्रः** (१) यो मापदण्ड शिवालय गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालय, प्रारम्भिक बाल विकास केन्द्र तथा विद्यालयसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित बाल संरक्षणका कार्यमा लागू हुनेछ।

(२) यस मापदण्डको पालना देहायका व्यक्तिले गर्नुपर्नेछः—

(क) विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्य,

(ख) प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी,

(ग) बाल अधिकार संरक्षण शिक्षक तथा बाल संरक्षणसम्बन्धी संयन्त्रका सदस्य,

(घ) प्रशिक्षक, स्रोतव्यक्ति, स्वयंसेवक, सहयोगी, सवारी चालक तथा विद्यालयमा कार्यरत अन्य व्यक्ति,

(ङ) विद्यालयको क्यान्टिन वा चमेना गृह सञ्चालक तथा कर्मचारी,

(च) विद्यालयमा सेवा प्रदान गर्ने व्यक्ति वा संस्था तथा वस्तु वा सेवा आपूर्तिकर्ता,

(छ) विद्यालयको निरीक्षण, अनुगमन वा अन्य प्रयोजनका लागि विद्यालयमा आउने व्यक्ति,

(ज) अभिभावक, संरक्षक तथा विद्यालयसँग सम्बन्धित अन्य वयस्क व्यक्ति,

(झ) विद्यालयमा अध्ययनरत बालबालिका तथा विद्यालय परिसरमा आउने अन्य व्यक्ति।

**३. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) **"ऐन"** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ख) **"नियमावली"** भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ।

(ग) **"गाउँपालिका"** भन्नाले शिवालय गाउँपालिका सम्झनु पर्छ।

(घ) **"विद्यालय"** भन्नाले प्रचलित कानूनबमोजिम शिवालय गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको सामुदायिक वा संस्थागत विद्यालय तथा प्रारम्भिक बाल विकास केन्द्रसमेत सम्झनु पर्छ।

(ङ) **"बालबालिका"** भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ।

(च) **"बाल संरक्षण"** भन्नाले बालबालिकालाई हिंसा, दुर्व्यवहार, शोषण, उपेक्षा, भेदभाव, यौन दुर्व्यवहार, जोखिम तथा अन्य हानिबाट संरक्षण गर्ने तथा सुरक्षित वातावरण सुनिश्चित गर्ने कार्य सम्झनु पर्छ।

(छ) **"बालबालिका विरुद्धको हिंसा"** भन्नाले ऐन तथा प्रचलित कानूनबमोजिम बालबालिकाविरुद्ध हुने हिंसा सम्झनु पर्छ।

(ज) **"बाल यौन दुर्व्यवहार"** भन्नाले ऐन तथा प्रचलित कानूनबमोजिम बालबालिकाविरुद्ध हुने यौन दुर्व्यवहार सम्झनु पर्छ।

(झ) **"अन्य दुर्व्यवहार"** भन्नाले बालबालिकालाई शारीरिक, मानसिक, भावनात्मक वा सामाजिक रूपमा हानि पुऱ्याउने दुर्व्यवहार, अपमान, हेपाइ, धम्की, उपेक्षा, शोषण, भेदभाव वा जोखिममा पार्ने व्यवहार सम्झनु पर्छ।

(ञ) **"उजुरी"** भन्नाले बालबालिकाविरुद्धको हिंसा, बाल यौन दुर्व्यवहार, अन्य दुर्व्यवहार वा बाल संरक्षणसँग सम्बन्धित घटना वा जोखिमबारे मौखिक, लिखित वा विद्युतीय माध्यमबाट सम्बन्धित व्यक्ति वा निकायलाई दिएको सूचना वा जानकारी सम्झनु पर्छ।

(ट) **"उजुरीकर्ता"** भन्नाले उजुरी दिने व्यक्ति सम्झनु पर्छ।

(ठ) **"पीडित वा प्रभावित बालबालिका"** भन्नाले हिंसा, दुर्व्यवहार, शोषण, उपेक्षा वा अन्य हानिबाट प्रभावित बालबालिका सम्झनु पर्छ।

(ड) **"समिति"** भन्नाले दफा १५ बमोजिम विद्यालयमा गठन हुने बाल संरक्षण तथा गुनासो सुनुवाइ समिति सम्झनु पर्छ।

(ढ) **"बाल अधिकार संरक्षण शिक्षक"** भन्नाले दफा १७ बमोजिम तोकिएको शिक्षक वा कर्मचारी सम्झनु पर्छ।

(ण) **"बाल कल्याण अधिकारी"** भन्नाले ऐनको दफा ६१ बमोजिम नियुक्त वा तोकिएको अधिकारी सम्झनु पर्छ।

(त) **"स्थानीय बाल अधिकार समिति"** भन्नाले प्रचलित कानूनबमोजिम गाउँपालिकामा गठन भएको बाल अधिकार समिति सम्झनु पर्छ।

(थ) **"सम्बन्धित निकाय"** भन्नाले घटना वा विषयको प्रकृतिअनुसार गाउँपालिका, स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, नेपाल प्रहरी, स्वास्थ्य संस्था, न्यायिक समिति वा प्रचलित कानूनबमोजिम अधिकारप्राप्त अन्य निकाय सम्झनु पर्छ।

(द) **"गोपनीयता"** भन्नाले बालबालिका, उजुरीकर्ता, पीडित वा प्रभावित व्यक्ति, साक्षी तथा सम्बन्धित परिवारको पहिचान र व्यक्तिगत विवरण अनधिकृत रूपमा सार्वजनिक नगर्ने व्यवस्था सम्झनु पर्छ।

## परिच्छेद-२
## औचित्य, उद्देश्य तथा सिद्धान्त

**४. औचित्य:** यस मापदण्डको औचित्य देहायबमोजिम रहेको छः-

(क) विद्यालयलाई बालबालिकाका लागि सुरक्षित, भयरहित, हिंसारहित तथा बालमैत्री वातावरणका रूपमा विकास गर्न,

(ख) बालबालिकाविरुद्ध हुने हिंसा, यौन दुर्व्यवहार, दुर्व्यवहार, शोषण, उपेक्षा तथा भेदभावको रोकथाम गर्न,

(ग) सम्भावित जोखिमको पहिचान, मूल्याङ्कन तथा न्यूनीकरण गर्न,

(घ) बालबालिकासम्बन्धी उजुरीलाई तत्काल ग्रहण, अभिलेखीकरण, संरक्षण तथा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाउने संस्थागत प्रणाली विकास गर्न,

(ङ) बालबालिकाको सर्वोत्तम हित, सम्मान, सुरक्षा तथा अधिकार सुनिश्चित गर्न।

**५. उद्देश्यः** यस मापदण्डका उद्देश्य देहायबमोजिम हुनेछन्-

(क) विद्यालयमा बाल संरक्षणको न्यूनतम मापदण्ड कायम गर्नु,

(ख) बालबालिकाविरुद्ध हुने हिंसा तथा दुर्व्यवहारको जोखिम पहिचान गरी रोकथाम गर्नु,

(ग) उजुरी तथा घटनाको तत्काल व्यवस्थापन र आवश्यक संरक्षणको व्यवस्था गर्नु,

(घ) बाल संरक्षणका लागि विद्यालयस्तरीय संयन्त्र स्थापना तथा परिचालन गर्नु,

(ङ) बालबालिका, शिक्षक, कर्मचारी, अभिभावक तथा समुदायमा बाल अधिकारसम्बन्धी चेतना र क्षमता अभिवृद्धि गर्नु,

(च) आवश्यकताअनुसार गाउँपालिका तथा सम्बन्धित निकायसँग समन्वय गरी पीडित तथा प्रभावित बालबालिकालाई आवश्यक सेवा तथा सहयोग उपलब्ध गराउनु।

**६. मार्गदर्शक सिद्धान्तः** बाल संरक्षणसम्बन्धी कार्य गर्दा देहायका सिद्धान्त अवलम्बन गर्नुपर्नेछः-

(क) बालबालिकाको सर्वोत्तम हित,

(ख) भेदभावरहित व्यवहार,

(ग) बालमैत्री व्यवहार,

(घ) शून्य सहनशीलता,

(ङ) बालबालिकाको विचार र भावनाको सम्मान,

(च) गोपनीयताको संरक्षण,

(छ) पीडितको सुरक्षा तथा पुनःपीडितीकरण रोकथाम,

(ज) शीघ्र तथा प्रभावकारी प्रतिकार्य,

(झ) आवश्यक सेवा तथा संरक्षणमा पहुँच,

(ञ) सम्बन्धित निकायबीच समन्वय तथा सहकार्य।

## परिच्छेद-३

## विद्यालयको दायित्व तथा बाल संरक्षणका न्यूनतम मापदण्ड

**७. विद्यालयको दायित्व:** विद्यालयले बाल संरक्षण सुनिश्चित गर्न देहायका कार्य गर्नुपर्नेछः-

(क) बाल संरक्षणसम्बन्धी यस मापदण्डलाई विद्यालयमा प्रभावकारी रूपमा लागू गर्ने,

(ख) बाल संरक्षण तथा गुनासो सुनुवाइ समिति गठन गरी क्रियाशील राख्ने,

(ग) बाल अधिकार संरक्षण शिक्षक तोक्ने,

(घ) विद्यालयका शिक्षक, कर्मचारी, अभिभावक तथा विद्यार्थीलाई बाल संरक्षणसम्बन्धी अभिमुखीकरण गर्ने,

(ङ) बालबालिकाविरुद्धको हिंसा वा दुर्व्यवहारसम्बन्धी सूचना वा उजुरी प्राप्त भएमा तत्काल संरक्षणात्मक कदम चाल्ने,

(च) कसूरजन्य प्रकृतिको घटना भएमा सम्बन्धित निकायलाई तत्काल जानकारी गराउने,

(छ) पीडित तथा प्रभावित बालबालिकालाई आवश्यक स्वास्थ्य, मनोसामाजिक, कानूनी वा अन्य सेवामा पहुँचका लागि समन्वय गर्ने,

(ज) बाल संरक्षणसम्बन्धी अभिलेख सुरक्षित तथा गोप्य राख्ने,

(झ) विद्यालयका कार्यक्रम तथा गतिविधिमा बाल संरक्षण जोखिमको मूल्याङ्कन गर्ने,

(ञ) बालबालिकाको फोटो, भिडियो वा व्यक्तिगत विवरण प्रयोग गर्दा प्रचलित कानूनबमोजिम गोपनीयता तथा सहमतिको व्यवस्था पालना गर्ने,

(ट) विद्यालय परिसरमा बालमैत्री, सुरक्षित तथा हिंसारहित वातावरण कायम गर्ने।

**८. विद्यालयमा सुरक्षित वातावरण कायम गर्नुपर्ने:** (१) विद्यालयले बालबालिकाको उमेर, लिङ्ग, अपाङ्गता, सामाजिक तथा आर्थिक अवस्था, जातजाति, भाषा, संस्कृति वा अन्य कुनै आधारमा भेदभाव हुने वातावरण सिर्जना गर्न वा हुन दिनु हुँदैन।

(२) विद्यालयले शारीरिक दण्ड, मानसिक यातना, अपमान, धम्की, गालीगलौज, हेपाइ, बहिष्कार तथा अन्य अमर्यादित व्यवहारलाई निषेध गर्नुपर्नेछ।

(३) विद्यालयले बालबालिकाले आफ्नो गुनासो, समस्या वा असुरक्षाबारे सुरक्षित रूपमा जानकारी गराउन सक्ने वातावरण सिर्जना गर्नुपर्नेछ।

**९. जोखिम लेखाजोखा तथा सुरक्षण:** (१) बालबालिका सहभागी हुने कार्यक्रम, भ्रमण, खेलकुद, अतिरिक्त क्रियाकलाप, आवासीय कार्यक्रम वा अन्य गतिविधि सञ्चालन गर्नुअघि सम्भावित बाल संरक्षण जोखिमको लेखाजोखा गर्नुपर्नेछ।

(२) जोखिम लेखाजोखा गर्दा कम्तीमा देहायका विषय विचार गर्नुपर्नेछः-

(क) कार्यक्रमस्थलको सुरक्षा,

(ख) आवागमन तथा यातायातको सुरक्षा,

(ग) वयस्क व्यक्ति र बालबालिकाबीचको सुरक्षित सम्पर्क,

(घ) आवास तथा बसोबासको व्यवस्था,

(ङ) प्राथमिक उपचार तथा आकस्मिक सेवाको उपलब्धता,

(च) लैङ्गिक तथा अन्य प्रकारका हिंसाको जोखिम,

(छ) बालबालिकाको उमेर, अवस्था तथा विशेष आवश्यकता।

(३) विद्यालयले आवश्यकताअनुसार कार्यक्रमको प्रकृति र जोखिमअनुसार बीमा, अभिभावकीय जानकारी तथा सहमति, हेरालु तथा अन्य सुरक्षात्मक व्यवस्था मिलाउनुपर्नेछ।

**१०. बालबालिकाको गोपनीयता:** (१) बालबालिकासँग सम्बन्धित व्यक्तिगत विवरण, स्वास्थ्यसम्बन्धी विवरण, उजुरी, घटना विवरण, फोटो, भिडियो, श्रव्यदृश्य सामग्री तथा पहिचान खुल्ने अन्य सूचना प्रचलित कानूनबमोजिम गोप्य राख्नुपर्नेछ।

(२) बालबालिकाको व्यक्तिगत विवरण एउटा प्रयोजनका लागि सङ्कलन गरिएको भए सो विवरण अन्य प्रयोजनमा प्रयोग गर्नुअघि प्रचलित कानूनबमोजिम आवश्यक सहमति लिनुपर्नेछ।

(३) उजुरी, जाँचबुझ वा संरक्षणसम्बन्धी प्रक्रियामा बालबालिकाको पहिचान अनावश्यक रूपमा सार्वजनिक गर्नु हुँदैन।

(४) कुनै सञ्चार, प्रकाशन वा सामाजिक सञ्जालमा बालबालिकाको पहिचान खुल्ने सामग्री प्रकाशन गर्दा प्रचलित कानून तथा बालबालिकाको सर्वोत्तम हितको अधीनमा रही आवश्यक सावधानी अपनाउनुपर्नेछ।

## परिच्छेद-४
## बालबालिकासँग गर्न नहुने कार्य तथा आचारसंहिता

**११. बालबालिकासँग गर्न नहुने कार्य:** विद्यालयसँग सम्बन्धित कुनै पनि व्यक्तिले देहायका कार्य गर्नु हुँदैनः—

(क) बालबालिकामाथि शारीरिक दण्ड वा यातना दिने,

(ख) गालीगलौज, अपमान, होच्याउने, धम्क्याउने, हेप्ने वा मानसिक पीडा दिने,

(ग) जात, जाति, लिङ्ग, धर्म, भाषा, अपाङ्गता, आर्थिक अवस्था वा अन्य आधारमा भेदभाव गर्ने,

(घ) बालबालिकालाई यौन आशययुक्त, अनुपयुक्त वा अमर्यादित व्यवहार गर्ने,

(ङ) बालबालिकाविरुद्ध यौन दुर्व्यवहार वा अन्य कुनै यौनजन्य कसूर गर्ने,

(च) बालबालिकालाई कानूनविपरीत श्रममा लगाउने,

(छ) बालबालिकाको व्यक्तिगत विवरण, फोटो वा भिडियोको दुरुपयोग गर्ने,

(ज) बालबालिकालाई गैरकानूनी वा जोखिमपूर्ण गतिविधिमा संलग्न गराउने,

(झ) बालबालिकालाई लागू पदार्थ, मदिरा, धूम्रपान वा अन्य कानूनले निषेध गरेका पदार्थ वा गतिविधिमा संलग्न गराउने,

(ञ) बालबालिकालाई परिवार वा अभिभावकबाट गैरकानूनी रूपमा अलग गर्ने,

(ट) बालबालिकाको उजुरी वा संरक्षणको आवश्यकता थाहा पाएर पनि जानाजानी सम्बन्धित निकायलाई जानकारी नगर्ने,

(ठ) विद्यालयको पद, जिम्मेवारी वा प्रभावको दुरुपयोग गरी बालबालिकालाई कुनै प्रकारको हानि पुऱ्याउने,

(ड) अन्य कुनै प्रचलित कानूनविपरीत कार्य गर्ने।

**१२. बाल संरक्षण आचारसंहिता पालना गर्नुपर्ने:** (१) विद्यालय व्यवस्थापन समिति, शिक्षक, कर्मचारी, प्रशिक्षक, स्वयंसेवक, सवारी चालक, क्यान्टिन सञ्चालक तथा अन्य सम्बन्धित व्यक्तिले अनुसूची—१ बमोजिमको बाल संरक्षण आचारसंहिता पालना गर्नुपर्नेछ।

(२) विद्यालयले उपदफा (१) बमोजिमको आचारसंहिता सम्बन्धित व्यक्तिलाई बुझाई हस्ताक्षर गराई अभिलेखमा राख्नुपर्नेछ।

(३) आचारसंहिता उल्लङ्घन भएमा विद्यालयले प्रचलित कानून तथा सम्बन्धित सेवा, करार वा संस्थागत नियमबमोजिम आवश्यक कारबाहीका लागि प्रक्रिया अघि बढाउनुपर्नेछ।

## परिच्छेद-५
## बाल संरक्षण तथा गुनासो सुनुवाइ संयन्त्र

**१३. विद्यालयस्तरीय बाल संरक्षण संयन्त्रः** प्रत्येक विद्यालयले यस मापदण्डको कार्यान्वयन तथा बालबालिकासम्बन्धी उजुरीको प्रारम्भिक व्यवस्थापनका लागि दफा १५ बमोजिमको समिति गठन गर्नुपर्नेछ।

**१४. बाल संरक्षण तथा गुनासो सुनुवाइ समिति गठनः** (१) विद्यालयमा देहायबमोजिमको **बाल संरक्षण तथा गुनासो सुनुवाइ समिति** रहनेछः—

(क) प्रधानाध्यापक -संयोजक

(ख) प्रधानाध्यापकले तोकेको महिला शिक्षक -सह संयोजक

(ग) शिक्षक अभिभावक सङ्घले तोकेको प्रतिनिधि एक जना- सदस्य

(घ) विद्यालयमा गठित बाल क्लबको अध्यक्ष -सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिले तोकेको बाल अधिकार संरक्षण शिक्षक -सदस्य सचिव

(२) बाल क्लब गठन नभएको विद्यालयको हकमा सो पद रिक्त रहनेछ र विद्यालयले बालबालिकाको प्रतिनिधित्व सुनिश्चित हुने गरी उपयुक्त व्यवस्था गर्नुपर्नेछ।

(३) प्रारम्भिक बाल विकास केन्द्र मात्र सञ्चालन भएको अवस्थामा केन्द्र प्रमुखको संयोजकत्वमा बढीमा तीन सदस्यीय बाल संरक्षण संयन्त्र गठन गर्न सकिनेछ।

(४) समितिको कुनै सदस्य स्वयं उजुरीमा आरोपित भएमा वा निजको प्रत्यक्ष स्वार्थ जोडिएको भएमा त्यस्तो सदस्यले सम्बन्धित उजुरीको निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैन।

**१५. विशेष समितिः** (१) प्रधानाध्यापक, बाल अधिकार संरक्षण शिक्षक वा समितिको कुनै सदस्यविरुद्ध उजुरी परेमा त्यस्तो उजुरीको निष्पक्ष प्रारम्भिक

व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समितिले आवश्यकताअनुसार विशेष समिति गठन गर्न सक्नेछ।

(२) विद्यालय व्यवस्थापन समितिको अध्यक्षविरुद्ध उजुरी परेमा प्रचलित कानून तथा गाउँपालिकाको सम्बन्धित निकायको समन्वयमा वैकल्पिक संयन्त्रमार्फत उजुरीको व्यवस्थापन गर्नुपर्नेछ।

(३) यस दफाबमोजिमको विशेष समितिले फौजदारी अनुसन्धान वा अभियोजन गर्ने नभई प्रारम्भिक संरक्षण, अभिलेखीकरण, जोखिम नियन्त्रण तथा सम्बन्धित अधिकारप्राप्त निकायमा सूचना वा सिफारिस गर्नेछ।

**१६. समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) यस मापदण्ड कार्यान्वयन गर्ने गराउने,

(ख) विद्यालयमा बाल संरक्षणसम्बन्धी सचेतना तथा अभिमुखीकरण सञ्चालन गर्ने,

(ग) बालबालिकासम्बन्धी उजुरी ग्रहण तथा अभिलेखीकरण गर्ने,

(घ) प्राप्त उजुरीको प्रारम्भिक तथ्य तथा जोखिमको मूल्याङ्कन गर्ने,

(ङ) पीडित तथा प्रभावित बालबालिकाको तत्काल सुरक्षा सुनिश्चित गर्ने,

(च) आवश्यकताअनुसार सम्बन्धित स्थानीय निकाय, बाल कल्याण अधिकारी, प्रहरी, स्वास्थ्य संस्था वा सेवा प्रदायकसँग समन्वय गर्ने,

(छ) प्रचलित कानूनबमोजिम कसूरजन्य देखिएको घटनाको सूचना सम्बन्धित अधिकारप्राप्त निकायलाई तत्काल उपलब्ध गराउने,

(ज) विद्यालयको आन्तरिक अनुशासन वा प्रशासनिक कारबाही आवश्यक देखिएमा सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने,

(झ) उजुरी तथा घटनासम्बन्धी विवरण गोप्य राख्ने,

(ञ) बालबालिकालाई पुनःपीडित हुनबाट जोगाउने उपाय अपनाउने,

(ट) बाल संरक्षणसम्बन्धी अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने,

(ठ) गाउँपालिका, स्थानीय बाल अधिकार समिति तथा बाल कल्याण अधिकारीसँग आवश्यक समन्वय गर्ने।

## परिच्छेद-६
## बाल अधिकार संरक्षण शिक्षक

**१७. बाल अधिकार संरक्षण शिक्षक तोक्ने:** (१) विद्यालय व्यवस्थापन समितिले विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीमध्ये सम्भव भएसम्म महिला शिक्षकलाई प्राथमिकता दिई एक जना **बाल अधिकार संरक्षण शिक्षक** तोक्नुपर्नेछ।

(२) बाल अधिकार संरक्षण शिक्षक समितिको सदस्य—सचिवको रूपमा काम गर्नेछ।

**१८. बाल अधिकार संरक्षण शिक्षकको काम, कर्तव्य र अधिकार:** बाल अधिकार संरक्षण शिक्षकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः—

(क) बाल संरक्षणसम्बन्धी सूचना तथा उजुरी ग्रहण गर्ने,

(ख) उजुरीको प्रारम्भिक अभिलेख राख्ने,

(ग) उजुरी प्राप्त हुनासाथ समितिलाई जानकारी गराउने,

(घ) पीडित तथा प्रभावित बालबालिकाको तत्काल सुरक्षा र आवश्यक सेवाका लागि समन्वय गर्ने,

(ङ) बालबालिकालाई उजुरी गर्ने सुरक्षित माध्यमबारे जानकारी गराउने,

(च) गोपनीयता कायम गर्ने,

(छ) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने,

(ज) उजुरी तथा घटनासम्बन्धी अभिलेख सुरक्षित राख्ने,

(झ) अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन तयार गर्न सहयोग गर्ने।

## परिच्छेद-७

## उजुरी, प्रारम्भिक जाँच तथा कारबाही

**१९. उजुरी दिन सकिने:** (१) बालबालिकाविरुद्ध हिंसा, बाल यौन दुर्व्यवहार, अन्य दुर्व्यवहार वा बाल संरक्षणसम्बन्धी जोखिम भएको वा हुनसक्ने अवस्था जानकारी भएमा बालबालिका स्वयं वा अन्य कुनै व्यक्तिले उजुरी दिन सक्नेछ।

(२) उजुरी मौखिक, लिखित वा उपलब्ध विद्युतीय माध्यमबाट दिन सकिनेछ।

(३) बालबालिकाले मौखिक रूपमा दिएको उजुरीलाई सम्बन्धित व्यक्तिले आवश्यक विवरणसहित अभिलेखीकरण गर्नुपर्नेछ।

(४) उजुरीकर्ताले आफ्नो पहिचान गोप्य राख्न अनुरोध गर्न सक्नेछ र प्रचलित कानूनबमोजिम गोपनीयता कायम गर्नुपर्नेछ।

**२०. उजुरी दर्ता तथा प्रारम्भिक व्यवस्थापन:** (१) प्राप्त उजुरी बाल अधिकार संरक्षण शिक्षकले अनुसूची-२ बमोजिमको ढाँचामा वा विद्यालयले तोकेको अभिलेखमा दर्ता गर्नुपर्नेछ।

(२) उजुरी प्राप्त भएपछि बालबालिकाको सुरक्षा जोखिम भएमा उजुरीको सत्यता प्रमाणित हुने प्रतीक्षा नगरी आवश्यक संरक्षणात्मक उपाय अपनाउनुपर्नेछ।

(३) गम्भीर वा कसूरजन्य प्रकृतिको घटना देखिएमा विद्यालयले तत्काल सम्बन्धित अधिकारप्राप्त निकायलाई जानकारी गराउनुपर्नेछ।

**२१. प्रारम्भिक जाँच:** (१) समितिले उजुरी प्राप्त भएपछि घटनाको प्रकृति, जोखिम र तत्काल आवश्यक संरक्षणको प्रारम्भिक मूल्याङ्कन गर्नेछ।

(२) प्रारम्भिक जाँच गर्दा बालबालिकालाई अनावश्यक रूपमा दोहोऱ्याएर बयान लिन, दोषारोपण गर्न वा मानसिक दबाब दिनु हुँदैन।

(३) प्रारम्भिक जाँचको क्रममा प्राप्त विवरण गोप्य राख्नुपर्नेछ।

(४) प्रारम्भिक जाँचले फौजदारी कसूरको सम्भावना देखाएमा विद्यालय वा समितिले आफैं अनुसन्धान नगरी सम्बन्धित अनुसन्धान अधिकारी वा प्रहरी निकायलाई तत्काल जानकारी गराउनुपर्नेछ।

**२२. पीडित तथा प्रभावित बालबालिकाको संरक्षण:** (१) पीडित तथा प्रभावित बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यकताअनुसार देहायका सेवामा पहुँचका लागि समन्वय गर्नुपर्नेछः-

(क) स्वास्थ्य सेवा,

(ख) मनोसामाजिक परामर्श,

(ग) कानूनी सहायता तथा परामर्श,

(घ) सुरक्षित आवास वा अस्थायी संरक्षण,

(ङ) शिक्षा निरन्तरताको व्यवस्था,

(च) पारिवारिक तथा सामाजिक पुनःस्थापना,

(छ) अन्य आवश्यक संरक्षण सेवा।

(२) पीडित वा प्रभावित बालबालिकालाई दोषी ठहराउने, लज्जित बनाउने, दबाब दिने वा प्रतिशोधको वातावरण सिर्जना गर्ने कार्य गर्नु हुँदैन।

**२३. सम्बन्धित निकायसँग समन्वय:** घटनाको प्रकृति र आवश्यकताअनुसार विद्यालयले गाउँपालिका, स्थानीय बाल अधिकार समिति, बाल कल्याण

अधिकारी, नेपाल प्रहरी, स्वास्थ्य संस्था, न्यायिक समिति तथा अन्य सम्बन्धित सेवा प्रदायकसँग समन्वय गर्नुपर्नेछ।

**२४. आरोपित व्यक्तिसम्बन्धी व्यवस्थाः** (१) कुनै व्यक्ति आरोपित भएको मात्र आधारमा निजलाई दोषी ठहर गर्न हुँदैन।

(२) आरोपित व्यक्ति विद्यालयको कर्मचारी, शिक्षक वा अन्य सेवामा रहेको व्यक्ति भएमा प्रचलित कानून, सेवा शर्त तथा सम्बन्धित निकायको अधिकारक्षेत्रबमोजिम आवश्यक प्रशासनिक वा अनुशासनात्मक प्रक्रिया अघि बढाउनुपर्नेछ।

(३) बालबालिकाको सुरक्षा जोखिम देखिएमा सम्बन्धित अधिकारप्राप्त निकायको निर्णय वा प्रचलित कानूनबमोजिम आरोपित व्यक्तिको बालबालिकासँगको प्रत्यक्ष सम्पर्क सीमित वा रोक्ने आवश्यक व्यवस्था मिलाउनुपर्नेछ।

## परिच्छेद-८
## अनुगमन, अभिलेख तथा प्रतिवेदन

**२५. अभिलेख राख्नुपर्नेः** (१) विद्यालयले बाल संरक्षणसम्बन्धी उजुरी, घटना, जोखिम मूल्याङ्कन, गरिएको कारबाही, सेवा तथा समन्वयसम्बन्धी विवरण सुरक्षित र गोप्य रूपमा अभिलेख राख्नुपर्नेछ।

(२) अभिलेखमा पहुँच प्रचलित कानूनबमोजिम अधिकारप्राप्त व्यक्तिलाई मात्र हुनेछ।

**२६. विद्यालयस्तरीय अनुगमनः** (१) प्रधानाध्यापकले यस मापदण्डको कार्यान्वयनको नियमित अनुगमन गर्नुपर्नेछ।

(२) विद्यालय व्यवस्थापन समितिले कम्तीमा वर्षमा एक पटक बाल संरक्षणसम्बन्धी व्यवस्थाको समीक्षा गर्नुपर्नेछ।

**२७. गाउँपालिकाबाट अनुगमन:** (१) गाउँपालिकाले विद्यालयमा यस मापदण्डको कार्यान्वयन अवस्थाको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

(२) अनुगमन गर्दा बालबालिकाको व्यक्तिगत विवरण अनावश्यक रूपमा सङ्कलन वा सार्वजनिक गर्नु हुँदैन।

(३) अनुगमनबाट देखिएका कमजोरी सुधार गर्न गाउँपालिकाले विद्यालयलाई आवश्यक निर्देशन, समन्वय तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

**२८. प्रतिवेदन पेश गर्नुपर्ने:** (१) बाल अधिकार संरक्षण शिक्षकले प्रत्येक छ महिनामा बाल संरक्षणसम्बन्धी गतिविधि तथा उजुरीको अवस्थाको प्रतिवेदन समितिसमक्ष पेश गर्नुपर्नेछ।

(२) समितिले वार्षिक रूपमा विद्यालयको बाल संरक्षणसम्बन्धी समग्र प्रतिवेदन तयार गरी विद्यालय व्यवस्थापन समितिसमक्ष पेश गर्नुपर्नेछ।

(३) विद्यालयले प्रचलित कानून तथा गाउँपालिकाले तोकेको ढाँचामा सम्बन्धित स्थानीय निकाय वा अधिकारीसमक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ।

(४) प्रतिवेदनमा बालबालिकाको पहिचान खुल्ने व्यक्तिगत विवरण सार्वजनिक गर्न हुँदैन।

## परिच्छेद-९
## आर्थिक व्यवस्था

**२९. बजेट तथा स्रोतको व्यवस्था:** (१) विद्यालयले बाल संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गर्न उपलब्ध स्रोतको आधारमा वार्षिक कार्यक्रम तथा बजेट व्यवस्था गर्न सक्नेछ।

(२) बाल संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गर्दा विद्यार्थीबाट कानूनविपरीत शुल्क उठाउन पाइने छैन।

(३) गाउँपालिकाले स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही बाल संरक्षणसम्बन्धी कार्यक्रमका लागि विद्यालयलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(४) प्राप्त रकम प्रचलित आर्थिक कानून तथा स्वीकृत कार्यक्रमबमोजिम खर्च गर्नुपर्नेछ।

## परिच्छेद-१०
## विविध

**३०. बालमैत्री सूचना तथा उजुरी प्रणाली:** (१) प्रत्येक विद्यालयले बालबालिकाले सहज रूपमा गुनासो वा उजुरी गर्न सक्ने व्यवस्था मिलाउनुपर्नेछ।

२) विद्यालयमा गुनासो पेटिका, सम्पर्क व्यक्ति तथा आवश्यक अन्य माध्यमको व्यवस्था गर्नुपर्नेछ।

३) गुनासो पेटिकामा प्राप्त उजुरी बाल अधिकार संरक्षण शिक्षकले नियमित रूपमा खोली अभिलेखीकरण गरी समितिसमक्ष पेश गर्नुपर्नेछ।

**३१. बालबालिकाको सहभागिता:** विद्यालयले बाल संरक्षणसम्बन्धी नीति, कार्यक्रम तथा सचेतनामूलक गतिविधि सञ्चालन गर्दा बालबालिकाको उमेर, क्षमता तथा परिपक्वताअनुसार सुरक्षित र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्नेछ।

**३२. क्षमता विकास तथा अभिमुखीकरण:** विद्यालयले प्रत्येक शैक्षिक सत्रमा सम्भव भएसम्म शिक्षक, कर्मचारी, अभिभावक, बाल क्लब तथा सम्बन्धित व्यक्तिका लागि बाल संरक्षण, बाल अधिकार, उजुरी व्यवस्थापन, गोपनीयता तथा बालमैत्री व्यवहारसम्बन्धी अभिमुखीकरण सञ्चालन गर्नुपर्नेछ।

**३३. समन्वय तथा सहकार्य:** बाल संरक्षणको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका, विद्यालय, स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, स्वास्थ्य संस्था, नेपाल प्रहरी, सेवा प्रदायक संस्था, अभिभावक तथा समुदायबीच आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।

**३४. बाधा अड्काउ फुकाउने:** यस मापदण्डको कार्यान्वयनमा कुनै व्यावहारिक बाधा उत्पन्न भएमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

**३५. व्याख्या गर्ने अधिकार:** यस मापदण्डको कार्यान्वयनका क्रममा कुनै प्रावधानको व्याख्या गर्नुपर्ने भएमा प्रचलित कानूनको अधीनमा रही गाउँ कार्यपालिकाले आवश्यक व्याख्या गर्न सक्नेछ।

**३६. संशोधन तथा परिमार्जन:** गाउँ कार्यपालिकाले आवश्यकता र अनुभवका आधारमा प्रचलित कानूनको अधीनमा रही यस मापदण्डमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

**३७. प्रचलित कानूनबमोजिम हुने:** (१) यस मापदण्डमा भएको कुनै व्यवस्था प्रचलित संघीय वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ र प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस मापदण्डमा स्पष्ट व्यवस्था नभएको विषयमा प्रचलित कानूनबमोजिम हुनेछ।

## अनुसूची–१
## (दफा १२ को उपदफा (१) सँग सम्बन्धित)
## विद्यालय बाल संरक्षण आचारसंहिता

म ............................................................ विद्यालयमा ............................................................ पद/जिम्मेवारीमा कार्यरत रहेकोले शिवालय गाउँपालिकाको विद्यालय बाल संरक्षण मापदण्ड, २०८३ तथा प्रचलित कानूनको अधीनमा रही देहायका आचारसंहिता पालना गर्न प्रतिबद्ध छु।

१. बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनेछु।

२. बालबालिकामाथि कुनै पनि प्रकारको भेदभाव गर्ने छैन।

३. बालबालिकालाई गाली, अपमान, धम्की, होच्याइ, हेपाइ वा शारीरिक तथा मानसिक दण्ड दिने छैन।

४. बालबालिकामाथि कुनै पनि प्रकारको हिंसा, दुर्व्यवहार, शोषण वा उपेक्षा गर्ने छैन।

५. बालबालिकासँग यौन आशययुक्त, अनुपयुक्त वा अमर्यादित व्यवहार गर्ने छैन।

६. बालबालिकाको फोटो, भिडियो वा व्यक्तिगत विवरणको अनधिकृत प्रयोग वा प्रकाशन गर्ने छैन।

७. बालबालिकाको गोपनीयता तथा मर्यादा कायम गर्नेछु।

८. बालबालिकाको सुरक्षा जोखिम वा हिंसा/दुर्व्यवहारसम्बन्धी सूचना प्राप्त भएमा तत्काल सम्बन्धित बाल संरक्षण संयन्त्र वा अधिकारप्राप्त निकायलाई जानकारी दिनेछु।

९. बालबालिकालाई कानूनविपरीत श्रम वा जोखिमपूर्ण कार्यमा लगाउने छैन।

१०. बालबालिकालाई कुनै गैरकानूनी वा हानिकारक गतिविधिमा संलग्न गराउने छैन।

११. विद्यालयको कामको क्रममा बालबालिकाको सुरक्षा तथा मर्यादालाई सधैं प्राथमिकता दिनेछु।

१२. यस आचारसंहिताको उल्लङ्घन भएमा प्रचलित कानूनबमोजिम हुने कारबाही स्वीकार गर्नेछु।

**नाम, थर :** ....................................................

**पद/जिम्मेवारी :** ...............................................

**हस्ताक्षर :** ....................................................

**मिति :** ...........................................................

## अनुसूची–२

**(दफा २० को उपदफा (१) सँग सम्बन्धित)**

**बाल संरक्षणसम्बन्धी उजुरी/निवेदनको ढाँचा**

**मितिः** ..........................

श्री संयोजकज्यू,
बाल संरक्षण तथा गुनासो सुनुवाइ समिति
...................................... विद्यालय, शिवालय गाउँपालिका–......,
जाजरकोट।

**विषयः बाल संरक्षण तथा आवश्यक कारबाही सम्बन्धमा।**

म/हामीले जानकारी पाएअनुसार देहायको घटना/जोखिम भएकोले आवश्यक संरक्षण तथा कारबाहीका लागि यो उजुरी पेश गरेको/गरेका छु/छौं।

**१. घटना/उजुरीको संक्षिप्त विवरण :**

..............................................................................

..............................................................................

**२. घटना भएको मिति, समय र स्थान :**

..............................................................................

**३. पीडित/प्रभावित बालबालिकाको विवरण :**

..............................................................................

**४. आरोपित/सम्बन्धित व्यक्तिको विवरण :**

..............................................................................

**५. घटना नयाँ हो वा दोहोरिएको हो :**

..............................................................................

**६. तत्काल सुरक्षा जोखिम भए/नभएको :**

..............................................................................

**७. पहिले कुनै निकायमा जानकारी/उजुरी दिएको भए सोको विवरण :**

..............................................................................

**८. आवश्यक संरक्षण वा कारबाहीसम्बन्धी अनुरोध :**

..............................................................................

**उजुरीकर्ता :** ..................................................

**हस्ताक्षर :** ..................................................

**सम्पर्क :** ......................................................

**नोट :** उजुरीकर्ताले आफ्नो नाम तथा पहिचान गोप्य राख्न चाहेमा सो कुरा उल्लेख गर्न सक्नेछ।

## अनुसूची–३
## (दफा ९ को उपदफा (१) सँग सम्बन्धित)
## बाल संरक्षण जोखिम लेखाजोखा तथा सुरक्षा जाँच फाराम

**कार्यक्रमको नाम :** ..............................................

**आयोजक :** ........................................................

**मिति :** ............................................................

**स्थान :** ..........................................................

**सहभागी बालबालिकाको अनुमानित संख्या :** ....................

| क.सं. | जोखिमको क्षेत्र | जोखिमको अवस्था | न्यूनीकरणको उपाय | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|
| १ | कार्यक्रमस्थलको सुरक्षा | | | |
| २ | यातायात/आवागमन | | | |
| ३ | आवास/बसोबास | | | |
| ४ | स्वास्थ्य/प्राथमिक उपचार | | | |
| ५ | बाल संरक्षण/हिंसा जोखिम | | | |
| ६ | लैङ्गिक तथा अन्य जोखिम | | | |
| ७ | विशेष आवश्यकता भएका बालबालिका | | | |
| ८ | अन्य | | | |

**जोखिम लेखाजोखा गर्ने व्यक्ति :** ................................

**हस्ताक्षर :** ........................................................

**मिति :** ............................................................

## अनुसूची–४

### (दफा २५ को उपदफा (१) सँग सम्बन्धित)

### बाल संरक्षण उजुरी तथा घटना अभिलेख

| क्र. सं. | उजुरी प्राप्त मिति | उजुरीको प्रकृति | पीडित/प्रभावितको विवरण | सम्बन्धित व्यक्ति | तत्काल गरिएको संरक्षण | सम्बन्धित निकायमा पठाइएको मिति | कारबाहीको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

**अभिलेख राख्ने व्यक्ति :** .......................................

**पद :** ..............................................................

**हस्ताक्षर :** ..........................................................

**गोपनीय अभिलेखः** यस अभिलेखमा रहेको व्यक्तिगत तथा संवेदनशील विवरण प्रचलित कानूनबमोजिम सुरक्षित राख्नुपर्नेछ।

## अनुसूची—५

## (दफा २८ को उपदफा (२) सँग सम्बन्धित)

## विद्यालयको बाल संरक्षण वार्षिक प्रतिवेदनको ढाँचा

### १. विद्यालयको परिचय

विद्यालयको नाम : ....................................................

ठेगाना : शिवालय गाउँपालिका वडा नं. ........

प्रधानाध्यापक : ......................................................

विद्यार्थी संख्या : छात्र ............ छात्रा ............ अन्य ............

### २. बाल संरक्षणसम्बन्धी संस्थागत व्यवस्था

- बाल संरक्षण तथा गुनासो सुनुवाइ समिति गठन भएको/नभएको
- बाल अधिकार संरक्षण शिक्षक तोकिएको/नतोकिएको
- बाल क्लब गठन भएको/नभएको
- गुनासो पेटिका सञ्चालन भएको/नभएको
- बाल संरक्षण आचारसंहिता लागू भएको/नभएको

### ३. सञ्चालन गरिएका कार्यक्रम

| क्र.सं. | कार्यक्रम | मिति | सहभागी संख्या | मुख्य उपलब्धि |
|---|---|---|---|---|
| | | | | |

### ४. प्राप्त उजुरी तथा घटनाको अवस्था

| क्र.सं. | उजुरी/घटनाको प्रकृति | संख्या | तत्काल संरक्षण | सम्बन्धित निकायसँग समन्वय | अवस्था |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

### ५. जोखिम तथा चुनौती

..........................................................................

..........................................................................

### ६. सुधारका लागि सुझाव

...........................................................................
...........................................................................

## ७. निष्कर्ष

...........................................................................
...........................................................................

तयार गर्ने : .....................................................

बाल अधिकार संरक्षण शिक्षक

सिफारिस गर्ने : .................................................

प्रधानाध्यापक

स्वीकृत गर्ने : .....................................................

विद्यालय व्यवस्थापन समितिको अध्यक्ष

मिति : ..........................................................

आज्ञाले,

गोपाल शाही

प्रमुख प्रशासकीय अधिकृत